## बकैया गाउँकार्यपालिकाको मिति २०७६।०३।०९ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

**१. गाँउसभाको लागि मिति तोक्ने सम्बन्धमा ।**

बकैया गाँउपालिकाको पाँचौ गाँउसभा मिति २०७६ साल असार १० गते मङ्गलवार बिहान ८:०० बजे सञ्चालन गर्ने निर्णय गरियो ।

**२. आर्थिक वर्ष २०७६/७७ को नीति, कार्यक्रम तथा बजेट स्वीकृत सम्बन्धमा ।**

बजेट तथा कार्यक्रम तर्जुमा समितीले पेश गरेको आ व २०७६।७७ को वार्षिक नीति तथा कार्यक्रम, राजश्व र व्ययको अनुमान (वार्षिक बजेट) स्वीकृत गर्दै आगामी गाँउसभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

**३. बकैया गाउँपालिकाको आर्थिक ऐन २०७६ पारित सम्बन्धमा :-**

बकैया गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बजेट तर्जुमा गर्न गठन भएको बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरी पेश गरेको बकैया गाउँपालिकाको आर्थिक ऐन २०७६ सर्वसम्मत पारित गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**४. बकैया गाउँपालिकाको विनियोजन ऐन २०७६ पारित सम्बन्धमा:-**

बकैया गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बजेट तर्जुमा गर्न गठन भएको बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरी पेश गरेको बकैया गाउँपालिकाको विनियोजन ऐन २०७६ सर्वसम्मत पारित गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो

**५. वडागत योजना स्वीकृत सम्बन्धमा ।**

बकैया गाँउपालिकाले तोकेको वडागत बजेट सिलिङको अधिनमा रहि तथा गाँउ कार्यपालिकाले तोकेको योजना प्राथमिकताको आधार तथा मार्गदर्शनलाई अनुशरण गरी टोल भेलाबाट माग भएका योजनाहरुमध्य वडा समितीको बैठकले प्राथमिकीकरण गरी पेश गरेका योजनाहरुलाई स्वीकृत गर्ने निर्णय गरियो ।